नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
# कोष तथा लेखा नियन्त्रक कार्यालय
दार्चुला

फोन न. ०९३-४२०१७७
Email:-dtcodarchula@gmail.com

प. सं:-०८२/८३
च.नं:- ४२९

मिति २०८३।०३।०२

विषयः निकासा भुक्तानी सम्बन्धमा।

श्री जिल्ला स्थित संघीय कार्यालय, सबै, दार्चुला।
श्री जिल्ला स्थित प्रदेश कार्यालय, सबै, दार्चुला।
श्री जिल्ला स्थित स्थानीय तह, सबै, दार्चुला।

प्रस्तुत विषयमा महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाण्डौको प.सं. २०८२/०८३, च.नं. १३२६, मिति २०८३/०३/०२ गतेको प्राप्त पत्रानुसार नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको भुक्तानी निकासा बन्द गर्ने सम्बन्धमा निर्देशन भएको हुँदा सम्बन्धित सबैले देहाय बमोजिम गर्नु/गराउनु हुन अनुरोध छ।

देहायः

**१.भुक्तानी प्रणाली बन्द हुने सम्बन्धमाः**
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० को उपनियम (१) बमोजिम आर्थिक वर्ष समाप्त हुनुभन्दा सात दिन अगावै भुक्तानी निकासा बन्द हुने व्यहोरा अवगत नै छ। संघीय कार्यालयहरुको हकमा सोही नियमको उपनियम (१) र (२) बमोजिम र प्रदेश र स्थानीय तहको हकमा उपनियम (७) बमोजिम भुक्तानी निकासा बन्द हुने र सो प्रयोजनको लागि प्रणालीहरु समेत बन्द रहने हुँदा भुक्तानीका कार्यहरु तोकिएको समयभित्रै सम्पन्न गर्नु/गराउनु हुन।

**२.अनुदान फिर्ता र हिसाब मिलानः**
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २२ को उपदफा (१) बमोजिम संघीय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय तहलाई सशर्त, समपुरक र विशेष अनुदान वापत वित्तीय हस्तान्तरण भएको रकम आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेमा सम्बन्धित प्रदेश तथा स्थानीय तहले उक्त रकम चालु आर्थिक वर्षभित्रै संघीय सञ्चित कोष (सम्बन्धित खर्च खाता) मा अनिवार्य रुपमा दाखिला गर्नु/गराउनु हुन।

**३.नगद मौज्दात सम्बन्धमाः**
विनियोजन, राजस्व, धरौटी र कार्यसञ्चालन कोषतर्फ आर्थिक वर्षको अन्तमा कुनै पनि नगद मौज्दात नराख्ने। नदमा संकलन भएको रकम अनिवार्य रुपमा तोकिए बमोजिम बैंक दाखिला गर्ने साथै एकल खाता कोष (TSA) बाट जारी भएका राजस्व, धरौटी र कार्यसञ्चालन लगायतका चेकहरु समयमै साँट्न/बैंक दाखिला गर्नु/गराउनु हुन।

**४.सामाजिक सुरक्षा रकम भुक्तानी व्यवस्थापनः**
सामाजिक सुरक्षा वापतको रकम सोझै लाभग्राहीको खातामा विद्युतीय भुक्तानी Electronic Fund Transfer (EFT) मार्फत हुने र चौथो किस्ताको रकम असार महिनामा लाभग्राहीको खातामा जम्मा गर्दा विद्युतीय प्रणालीहरु CGAS, TSA, NCHL मा चाप (Load) पर्ने हुँदा असार १५ गतेभित्र पूर्ण रुपमा भुक्तानी



२०८३।०३।०२
कोष नियन्त्रक

CamScanner

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
फोन न. ०९३-४२०१७७
Email:-dtcodarchula@gmail.com

# कोष तथा लेखा नियन्त्रक कार्यालय

## दार्चुला

प. सं:-०८२/८३ मिति २०८३।०३।०२

च.नं:- ४२८

गरिसक्ने। सामाजिक सुरक्षा भत्ताको गोश्वारा भौचर र भुक्तानी आदेश ज्यादै ठूलो हुने हुँदा VRS-MIS प्रणालीबाट विवरण पठाउँदा प्रणाली अवरुद्ध हुने हुँदा यी कार्यहरु कार्यालय समयको अत्याधिक चाप हुने समयमा नगरी कार्यालय समय अघि वा पछिको समय मिलाएर गर्ने। साथै चौथो त्रैमासिकको भुक्तानी पठाउनु पूर्व लाभग्राहीको बैंक खाता अनिवार्य रुपमा Verification गरेर मात्र भुक्तानी आदेश पठाउने र CGAS/TSA मा Success भएको तर सम्बन्धित लाभग्राहीको खातामा रकम जम्मा नभएको अवस्थामा यथाशीघ्र यस कार्यालय र सम्बन्धित बैंकलाई जानकारी गराउनु हुन।

**५.समयमै कार्यसम्पन्न गरी भुक्तानी गर्ने:**

भुक्तानी योग्य रकमहरु सम्भव भएसम्म असार २० गतेभित्रै निकासा लिने व्यवस्था मिलाउने। साथै विभिन्न कारणबाट देखिएका बेमेलहरु आर्थिक वर्षभित्रै मिलान गर्नुहुन।

<u>बोधार्थ</u>

श्री जिल्ला प्रशासन कार्यालय, दार्चुला।

२०८३।०३।०२

(हरिदत्त पाण्डेय)

कोष नियन्त्रक

कोष नियन्त्रक



CamScanner